बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

लगनखेल, ललितपुर
(कार्यक्षत्रः काठमाण्डौ, ललितपुर र भक्तपुर)

पत्र संख्या ०८१।०८२
चलानी नंम्वर १५३

मितिः २०८१/०७/२५

श्री स्थानिय तह सवै,
महानगर कार्यपालिकाको कार्यलय/नगर कार्यपालिकाको कार्यलय/गाँउ कार्यपालिकाको कार्यलय,
जिल्ला काठमाण्डौ/ भक्तपुर र ललितपुर ।

विषयः <u>सूचना टाँस सम्बन्धमा</u> ।

प्रस्तुत विषयमा यस पशु सेवा कार्यालय, लगनखेल, ललिततपुरको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "**भैंसी प्रवर्द्धन कार्यक्रम, बाख्रा प्रवर्द्धन कार्यक्रम, बंगुर प्रवर्द्धन कार्यक्रम, दुग्ध उत्पादन वृद्धि कार्यक्रम (दुध जोन कार्यक्रम), पशु आहारामा आत्मनिर्भर कार्यक्रम, मागमा आधारित जिविकोपार्जन कार्यक्रम, पशुपन्छी तथा मत्स्यपालनको लागि यन्त्र तथा उपकरण वितरण, पशुपन्छी तथा मत्स्य उद्यमशिलता विकास** " कार्यक्रमहरुको प्रस्ताव आव्हान सम्वन्धी सूचना प्रकाशन भएको हुँदा तहाँ कार्यालयमा यसै पत्र साथ संलग्न सूचना टाँस गरी सहयोग गरिदिनु हुन अनुरोध छ।साथै काठमाण्डौं र भक्तपुर जिल्लाका आवेदनहरु सम्वन्धित पशु सेवा केन्द्रमा दर्ता गराउने जानकारी दिन हुन अनुरोध छ।

<u>बोधार्थः</u>
श्री पशु सेवा केन्द्र, बुढानिलकण्ठ- आवश्यक व्यवस्थाको लागी अनुरोध छ।
श्री पशु सेवा केन्द्र, भक्तपुर- आवश्यक व्यवस्थाको लागी अनुरोध छ।

Sushila
.........................
डा. सुशिला श्रेष्ठ
पशु विकास अधिकृत
Dr. Sushila Shrestha
Livestock Development Officer

फोन नः ०१-५४४७३७७/०१-५४४२४४९ वेवसाईट् : www.vhleclalitpur.bagamati.gov.np ईमेल :vhlseclalitpur@gmail.com

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# पशु सेवा कार्यालय

लगनखेल, ललितपुर (कार्यक्षेत्रः काठमाण्डौं, भक्तपुर, ललितपुर)

## प्रस्ताव आव्हानको सूचना

सूचना नं. १

प्रथम पटक प्रकाशित मितिः २०८१/०७/२२)

यस पशु सेवा कार्यालय, ललितपुरको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलका कार्यक्रमहरु संचालन गर्न इच्छुक एवं मापदण्ड पुरा गरेका पशुपालक कृषक समूह/सहकारी/निजी फार्मले तोकिएको समय सीमा भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र आवेदन दर्ता गराउनु हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै रित नपुगि तथा म्याद नाघि दर्ता हुन आएका प्रस्तावहरु दर्ता गरिने छैन।

| क्र. सं. | कार्यक्रम | | एकाई | परिमाण | कुल बजेट (लाख) | आवेदक | कार्यविधि | स्थान |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाखा प्रवर्द्धन कार्यक्रम | | संख्या | ३ | १५ | कृषक समूह/निजी फार्म | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | काठमाण्डौं, भक्तपुर र ललितपुर |
| २ | बंगुर प्रवर्द्धन कार्यक्रम | | संख्या | ४ | १० | कृषक समूह/निजी फार्म | | |
| ३ | भैंसी प्रवर्द्धन कार्यक्रम | | संख्या | ५ | २५ | कृषक समूह/सहकारी/निजी फार्म | | |
| ४ | दुग्ध उत्पादन वृद्धि कार्यक्रम (दुध जोन कार्यक्रम) | | संख्या | ५ | ४५ | निजी फार्म | | ललितपुर जिल्लाको कोन्ज्योसोम गा.पा. १, ५ बागमती गा.पा. ६,७ महाँकाल गा.पा. ४,५ र काठमाण्डौं जिल्लाको नागार्जुन न.पा. ६ र तारकेश्वर न.पा. २,३ |
| ५ | पशु आहारामा आत्मनिर्भर कार्यक्रम | पशु आहारको पोष्टिक गुण सुधार तथा अभिबृद्धि | पटक | १ | ४ | निजी फार्म/कृषक समूह/सहकारी | | काठमाण्डौं, भक्तपुर र ललितपुर |
| | | घाँस तथा घासेवाली विकास/विस्तार | हेक्टर | ३० | १२ | | | |
| | | घाँस स्रोतकेन्द्र स्थापना | सख्या | २ | ६ | | | |
| ६ | मागमा आधारित जिविको पार्जन सहयोग कार्यक्रम | | संख्या | ३० | ३० | आर्थिक हिसावले विपन्न एंव अल्पसंख्यक तथा सिमान्तकृत जाती, एकल महिला, दलित एवं पिछडिएका जातजातीहरु एंव उनीहरुबाट गठित कृषक समूह, कृषि सहकारी र कृषि तथा | खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविको पार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | |

डा. प्रभात न्यौपाने

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | पशुपन्छी फर्म | |
| ७ | पशुपन्छी तथा मत्स्यपालनको लागि यन्त्र तथा उपकरण वितरण | पटक | १ | १० | निजी फार्म/कृषक समूह/कृषि सहकारी | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ |
| ८ | पशुपन्छी तथा मत्स्य उद्यमशिलता विकास कार्यक्रम | संख्या | २८ | ५६ | निजी फार्म/कम्पनी र कृषि उद्यमी | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ |

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि

२. कृषक समूह/सहकारी/निजी उद्यमीको संस्था दर्ता तथा नवीकरणको प्रतिलिपि

३. गत आ.वको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

४. आवेदकको PAN वा VAT प्रमाण पत्रको प्रतिलिपि

५. कृषक समूह/सहकारी संस्थाको हकमा गत आ.बको साधारण सभाको बैठक निर्णय प्रतिलिपि

६. कार्यक्रममा सहभागिता सम्बन्धी (सहकारी/समूहको हकमा) कृषक समूह सहकारीको बैठकको निर्णय प्रतिलिपि

७. कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह/ सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृपक छनौट गरी कृषकको नाम र ठेगाना खुलाईएको पत्र

८. कार्यक्रममा सहभागि गराईदिने सम्वन्धी सम्बन्धित स्थानीय तहको सिफारिस (पशु सेवा शाखाबाट पशुपन्छीको संख्या समेत खुलाउनुपर्ने)

९. अन्य आवश्यक कागजातहरु

**एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ भित्रका कार्यक्रमहरुमा संलग्न गर्नुपर्ने कागजातहरु**

१. अनुसूचि-२ बमोजिमको रु. १० को हुलाक टिकट सहितको निवेदन

२. अनुसूचि-४ बमोजिमको कार्ययोजना, अनुसूचि-५ वमोजिमको स्वघोषणा पत्र

३. अनुसूचि - ६ वमोजिमको कार्य स्थान खुल्ने नक्सा

४. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ (पाँच) वर्षको करार सम्झौता पत्र

**दुध उत्पादन वृद्धि (दुध जोन) कार्यक्रम**

१. दैनिक १० लिटर वा सो भन्दा माथि दुध उत्पादन गर्ने निजी फार्म हुनुपर्ने

२. साझेदार संस्थाले पशुहरुको अनिवार्य विमा गरेको हुनुपर्ने

**पशु आहारामा आत्मनिर्भर कार्यक्रम**

१. सम◌ूह/सहकारीको हकमा समवन्धित निकायमा दर्ता भइ नियमनुसार नविकरण , लेखा परिक्षण कर चुक्ता र वार्षिक साधारण सभा सम्पन्न गरेको कागजात पेश गर्नु पर्ने छ ।

क.) क्षेत्रफलमा आधारित घाँसे वाली विकास तथा विस्तारका लागि प्रोत्साहन कार्यक्रम- हिउदे घाँसको लागि प्रति हेक्टर (२० रोपनी) अधिकतम रु.२० हजार र बहुवर्षिय घाँसको लागि प्रति हेक्टर (२० रोपनी) अधिकतम रु.४० हजार ।

ख.) घाँस स्रोत केन्द्र स्थापना कार्यक्रममा १ स्रोत केन्द्रको क्षेत्रफल न्यूनतम १ हेक्टर (२० रोपनी) हुनुपर्ने तथा प्रति स्रोत केन्द्र अधिकतम रु.३ लाख ।

डा. प्रभात न्योपाने
प्रमुख
ब. म. वि. अ.
अधिकृतस्तर नवौं

**भैसी प्रवर्द्धन कार्यक्रम**

१. आवेदक संस्था निजि फार्म भएमा कम्तीमा १० वटा माउ दुहुना भैसी पालेको हुनु पर्ने छ । कृषक सहकारी वा समूहको हकमा कम्तिमा १० जना भैसी पालक कृषक सदस्य भई प्रति सदस्यले कम्तिमा ३ वटा माउ दुहुनो भैसी पालेको हुन पर्ने छ।

२. समूह /सहकारी/ निजि फार्म प्रा.लि. ले २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन, अडिट रिपोर्ट, वार्षिक साधरण सभा, कृषक सदस्यको सिफारिस सहितको वैठकको निर्णय पेश गर्नु पर्ने छ ।

३. नविकरण भएको पशु विमा पोलिसि पेश गर्नु पर्ने छ ।

## बंगुर प्रवर्द्धन कार्यक्रम

१. आवेदक संस्था निजि फार्म भएमा कम्तिमा २० (बीस) वटा माउ बंगुर हुनु पर्ने छ । समूह हकमा १० जना बंगुर पालक कृषक सदस्य भई प्रति सदस्य कम्तिमा ३ वटा माउ बंगुर पालेको हुनु पर्ने छ ।

२. समय अवधि बाँकि भएको पशु विमाको पोलिसि पेश गर्नु पर्ने छ ।

**बाखा प्रवर्द्धन कार्यक्रम**

१. आवेदक संस्था निजि फार्म भएमा प्रति फार्म कम्तीमा ५० वटा प्रजनन् योग्य माउ बाखा हुनु पर्ने छ ।

२. आवेदक संस्था समूह भएमा कम्तीमा १० जना बाखापालक कृषक सदस्य भई प्रति सदस्यले कम्तीमा ५ वटा प्रजनन् योग्य माउ बाखा हुनु पर्ने छ।

३. समय अवधि बाँकी भएको पशु विमाको पोलिसि पेश गर्नु पर्ने छ ।

४. समूह/ सहकारीको हकमा २०८०/०८१ को लेखा परिक्षण रिपोर्ट, कर चुक्ता, सधारण सभा, कृषक सदस्य छनौटको निर्णय ।

**५. पशुपन्छी तथा मत्स्य उद्यमशीलता विकास कार्यक्रम**

१. अनुसूचि-३ वमोजिम प्रस्ताव, अनुसूचि ४ वमोजिम प्रतिवद्धता पत्र

२. निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)

**६. मागमा आधारित जिवीकोपार्जन सहयोग कार्यक्रम**

१. आर्थिक हिसावले विपन्न एवं अल्पसंख्यक तथा सिमान्तकृत जाती, एकल महिला, दलित एवं पिछडीएका जातजातीहरु एवं उनीहरुबाट गठित कृषक समूह, कृषि सहकारी र कृषि तथा पशुपंक्षी फार्मले मात्र आवेदन दिन सक्ने

२. आर्थिक रुपले विपन्न तथा अल्पसंख्यक/सिमान्तकृत/दलित/पिछडीएका जातीहरु खोल्ने परिचयपत्रको प्रतिलिपि वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/स्थानीय तह वडाको सिफारिस

३. निवेदक पूर्ण वा आंशिक रुपमा कृषि पेशामा आवद्ध भएको भनि सम्बन्धित स्थानीय तहको आधिकारीक सिफारिम पत्र ।

४. अनुसूचि-३ बमोजिम आवेदन र अनुसूचि ४ बमोजिम प्रतिवद्धता पत्र

**पशुपन्छी तथा मत्स्य पालनका लागी यन्त्र उपकरण वितरण कार्यक्रम**

१. रु.१०/- को हुलाक टिकट टाँस गरेको अनुसूची-२ बमोजिमको निवेदन

२. अनुसूची-३ बमोजिमको प्रतिवद्धता पत्र

३. कृषि यन्त्रीकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० अनुसारको कागजात पेश गर्नु पर्ने छ ।

डा. प्रभात न्यौपाने
प्रमुख
ब.व्य. वि. अ.
अधिकृतस्तर नवौं

**नोटः** सूचनामा उल्लेखित कार्यक्रमको बिस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०१-५४४७३७७, ०१-५४४२४४९ वा यस कार्यालयको वेबसाईट www.vhleclalitpur.bagamati.gov.np बाट डाउनलोड गरि लिन सकिने